# भाग ४

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले व्यापार विविधीकरण गर्ने उद्देश्यबमोजिम जूट हेंसियन-लाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बनाई सोको निकासी बृद्धि गराउने दृष्टि-कोणले मिति २०४६–१–१८ देखि २०४६ साल आषाढ मसान्तसम्मको निकासी बापत वाणिज्य बैंकहरूमा परिवर्त्य बिदेशी मुद्रामा भुक्तानी प्राप्त हुनासाथ सोही बैंकबाट नै सम्बन्धित निर्यातकर्ताहरूलाई विराटनगर एफ. ओ. बी. मूल्यको आधारमा २५ (पच्चीस) प्रतिशत निकासी नगद अनुदान दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### सूचना २

श्री ५ को सरकारले रोजिन र टर्पेण्टाइनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बनाई सोको निकासी बृद्धि गराउने दृष्टिकोणले मिति २०४६–२–२५ देखिको निकासी बापत वाणिज्य बैंकहरूमा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी प्राप्त हुनासाथ सोही बैंकबाट सम्बन्धित निर्यातकर्ताहरूलाई भुक्तानी मूल्यको १८ प्रतिशत नगद अनुदान दिने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

---

### भूलसुधार

खण्ड ३९, मिति २०४६।४।२, संख्या १४ को नेपाल राजपत्रमा प्रकाशित पर्यटन मन्त्रालयको सूचनाको क्र. सं. ५ को पदनाममा "इलेक्ट्रोनिक तथा टेलिकम्युनिकेशन इञ्जिनीयर" हुनुपर्नेमा "इलेक्ट्रोनिक तथा नेपाल टेलिकम्युनिकेशन इञ्जिनीयर" भएकोले भूलसुधार गरिएको छ ।

मुद्रण तथा प्रकाशन विभाग



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५२